# प्यूठान उद्योग वाणिज्य संघ
# खलंगा प्यूठान

## प्यूठान जिल्लाको वृहत विकासका लागि
## अवसर, चुनौती र सम्भाव्यताहरू

<u>विषय सूची</u>


१) प्यूठान जिल्लाको आर्थिक विकासका आधारहरुको अवधारणा अध्ययन :

१.१ परिचय

१.२ प्यूठान जिल्लाको ऐतिहासिक पृष्टभुमि

१.३ प्यूठान जिल्लाको आर्थिक विकासका लागि बनाइएको बुकलेटको उद्देश्य तथा महत्व

१.४ बुकलेट वनाउदा अपनाइएका विधिहरु :

- प्राथमिक श्रोत
- द्वितिय श्रोत

१.५ आर्थिक अवसरहरु

२) प्यूठान जिल्लाको आर्थिक विकासका आधारहरुमा कृषि, पर्यटन, जलविद्युत तथा उर्जा र अन्य

२.१ प्यूठान जिल्लाको कृषिका सबल पक्ष, अवसर र चुनौतीको विश्लेषण

- कृषिका सबल पक्षहरु
- कृषिका चुनौतीहरु
- कृषिका अवसरहरु

२.२ प्यूठान जिल्लाका मुख्य संभावित कृषि व्यवसायहरु

- तरकारी/वीउ
- फलफुल
- मौरीपालन
- नगदेबाली
- उत्पादन गर्ने क्षेत्रहरु

३) प्यूठान जिल्लाको आर्थिक विकासको आधार पर्यटन

३.१ प्यूठान जिल्लाको पर्यटन स्थिति

३.२ प्यूठान जिल्लाको पर्यटनका सबल पक्ष, अवसर र चुनौतीको विश्लेषण

३.३ पर्यटनका सबल पक्षहरु

३.४ पर्यटनका चुनौतीहरु

३.५ पर्यटनका अवसरहरु

३.६ पर्यटनको आर्थिक पक्ष

३.७पर्यटकिय श्रोत तथा संभाव्यताको वर्तमान अवस्था

- प्यूठान जिल्लाका मुख्य ऐतिहासिक पर्यटकिय एवं धार्मिक स्थलहरु
- संरक्षण तथा दिगो विकासका कार्यक्रमहरु
- सम्भाव्यताकाश्रोतहरु
    - ऐतिहासिक स्थलहरु
    - धार्मिक सम्पदाहरु
    - संस्कृतिक सम्पदाहरु
    - ट्रेकिङ रुटहरु
    - शहासिक पर्यटनहरु

४) प्यूठान जिल्लाको आर्थिक विकासको आधार जलविद्युत तथा बैकल्पिक उर्जा :

४.१ प्यूठान जिल्लाको जल विद्युत तथा बैकल्पिक उर्जाका सबल पक्षहरु

४.२जल विद्युत तथा बैकल्पिक उर्जाका चुनौतीहरु

४.३ जल विद्युत तथा बैकल्पिक उर्जाका अवसरहरु

४.४ सम्भाव्यताकाश्रोतहरु

५) प्यूठान जिल्लाको आर्थिक विकासका आधार उद्योगहरु

५.१ पृष्टभुमि

५.२ उद्योगका सबल पक्ष, अवसर र चुनौतीको विश्लेषण

५.३ विभिन्न राजश्व तथा कर सम्बन्धीको समस्या

५.४ प्यूठान जिल्लाका संभावित उद्योगहरु

६) व्यवसायिकरण गर्ने क्षेत्र

६.१ पृष्टभुमि

६.२ पूर्वाधारहरु

६.३ बजारका पूर्वाधारहरु

६.४ भौतिक पूर्वाधारहरु

- सडक संजाल
    - आन्तरीक सडक संजाल
    - जिल्ला सडक संजाल
    - अन्तर राष्ट्रिय सडक संजाल

७) निश्कर्ष :

## १) प्यूठान जिल्लाको आर्थिक विकासका आधारहरुको अवधारणा अध्ययन :

१.१ परिचय :

नेपालको अस्थिर राजनितिले गर्दा आर्थिक अवस्था कमजोर बन्दै गएको छ । देशमा कृषि, उद्योग, व्यवसाय र उद्यमशिलता राम्रोसंग मौलाउने अवस्था छैन । देशको आर्थिक विकासका आधारहरु प्रवल रहंदा रहदै पनि आर्थिक विकासका क्षेत्रमा फड्को मार्न सकेको छैन । यिनै परिस्थितिका कारण हरेक वर्ष करिब ३/४ लाखको हाराहारीमा यहाँका युवाहरु विदेशिने गर्दछन जो रोजगारीको खोजीमा भौतारिने गरेको पाइन्छ । देशमा गरिबी र पछौटेपनले गर्दा नेपाल विकास सूचांकको १५७ स्थानमा रहेको छ । सन् २०१० सम्म मानव सूचांक ०.५५ रहेको छ । नेपालको पूर्वि भन्दा पश्चिमी क्षेत्रमा झनै दर्दनाक अवस्था रहेको छ । त्यस मध्ये मध्यपश्चिमाञ्चल क्षेत्रमा अझ बढी गरिवी छाएको छ । जसमा ४१ देखी ४५ प्रतिशत जनताहरुको आय १ डलर भन्दा कम रहेको छ । यस क्षेत्रको गरिबी सूचांक मापन ३५.४ रहेको छ भने प्यूठान जिल्लाको मानव विकास सूचांकको स्थान ५३ छ र मानव विकास ०.४२६ प्रतिशत छ ।

१.२ प्यूठान जिल्लाको ऐतिहासिक पृष्टभुमि :

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको राप्ती अञ्चलमा पर्ने प्यूठान जिल्ला राज्यको एकिकरण पुर्व गण्डकि क्षेत्रमा विस्तारित चौविसे राज्य मध्ये एक शक्तिशाली राज्य थियो । ८२° ३०′ देखी ८३° पूर्व देशान्तर र २७° ५५′ देखी २८° २५′ उत्तरी अक्षांशमा फैलिएको यस जिल्ला उत्तर दक्षिण लम्बिदै र पूर्व पश्चिम सांगुरो बन्दै गएको छ । पूर्वमा गुल्मी, पश्चिममा दाङ र रोल्पा, उत्तरमा रोल्पा र वाग्लुङ तथा दक्षिणमा दाङ र अर्घाखाँची जिल्लाहरु पर्दछन । समुन्द्री सतहबाट ३०५ देखी ३६५९ मिटर उचाइमा अवस्थित यस जिल्लाको क्षेत्रफल १३६५ वर्ग किलो मिटर रहेको छ । सदरमुकाम खलंगा पूर्व पश्चिम राजमार्गको भालुबाङ देखि ६८ किलो मिटर टाढा रहेको छ भने नेपालकै प्रमुख धार्मिक तथा ऐतिहासिक पर्यटकिय स्थल स्वर्गद्वारी भालुबाङ देखी ६१ किलो मिटर कालो पत्रे र १५ किलो मिटर ग्रामिण सडक यात्रा पछि पुग्न सकिन्छ ।

प्यूठान नामाकरण सम्बन्धीको कुरा गर्दा कर्कपेट्रिकका अनुसार पूरथानाबाट अपभ्रंश हुदै प्यूठान भएको, ह्यामिन्टनका अनुसार पुजुठानबाट प्यूठान, ओल्डफिल्डले का अनुसार प्राथानाबाट प्यूठान नाम रहन गएको र योगि नरहरीनाथका अनुसार प्लुथानबाट प्यूठान रहन गएको उल्लेख गरिएको छ । अर्थात प्रतिष्ठाना - प्यूठाना - पिउठाना हुदै प्यूठान नाम रहन गएको हो भन्ने पनि छ । पृथ्विनारायण शाहले समय-समयमा लेखेको पत्रहरुमा प्यूठानी, प्यूठाना भनी उल्लेख गरेको पाइन्छ । सुरक्षा सम्बन्धी शब्द - पिउठ बस्ने ठाना भएकोले प्यूठानाबाट अपभ्रंश भै प्यूठान नाम रहन गएको थियो भन्ने तर्क आम रुपमा बलियो रहेको छ ।

१.३ प्यूठान जिल्लाको आर्थिक विकासका लागि बनाइएको बुकलेटको उद्देश्य तथा महत्व :

प्यूठान जिल्लाको कृषि, पर्यटन, जलविद्युत तथा उर्जा र त्यहाँ बसोबास गर्ने विभिन्न आदिबासी, जनजाती तथा धर्मालम्बीहरुका बस्ती, संस्कार र संस्कृति, आर्थिक कृयाकलाप, सामाजिक कृयाकलाप, जनताको

जीवनस्तर, उपलब्ध श्रोत तथा संसाधन आदिका विषयमा खोजविन र अनुसन्धान गरेर समयसापेक्ष विकास गर्नु पर्ने आजको अपरिहार्यता हो । यसै सन्दर्भमा जिल्लाका महत्वपूर्ण आर्थिक आधारहरुको पहिचान गर्दै तिनैलाई अंगालेर गाँउ, जिल्ला र राष्ट्रको समग्र विकास गर्ने आजको आवश्यकता रहेको छ । प्यूठान जिल्लाको समग्र विकासले राप्ती अंचलका अन्य पांचवटै जिल्लाका लागि उदाहरणिय बन्ने र यसले अन्य जिल्ला जस्तै रोल्पा, अर्घाखाँची, बाग्लुङका लागि समेत आर्थिक विकासमा कोषेढुङ्गाको काम गर्ने छ ।

माथिका कुराहरुको समग्र सर्बे तथा अनुसन्धान गर्नु यस बुकलेटको मुख्य उद्देश्य रहेको छ । यसै सन्दर्भलाई जिल्लाको प्रत्यक्ष लाभ हुन्छ भन्ने कुरामा महत्वका साथ विभिन्न विधिहरुलाई अंगालेर अध्ययन गरिएको छ । जस्ले गर्दा प्यूठान जिल्लाको बृहद विकास होस भन्ने रहेको छ ।

१.४ बुकलेट वनाउदा अपनाइएका विधिहरु :

आवश्यक तथ्याङ्क संकलनलाई प्राथमिक र द्वितिय श्रोतबाट गरिएको थियो ।

- प्राथमिक श्रोत :
  यस अन्तरर्गत स्थलगत भ्रमण, अवलोकण भ्रमण, प्रश्नावली, अन्तरकृया आदि विधिहरु अपनाई अध्ययन गरिएको थियो र यो बुक बनाउनमा सहयोग मिलेको छ ।
- द्वितिय श्रोत :
  विभिन्न संघ संस्था तथा कार्यालयबाट प्रकाशित प्रतिवेदनहरु बाट आवश्यक तथ्याङ्क संकलन गरिएको छ जस अन्तरगत जिल्ला विकास योजना र आवधिक जिल्ला विकास योजना प्रोफाइल तथा कृषि, पर्यटन र जल विद्युत र बैकल्पिक उर्जा सम्बन्धीका तथ्याङ्कहरु साथै प्यूठान जिल्ला उद्योग वाणिज्य संघको प्रत्यक्ष सहयोगबाट संकलित तथ्याङ्कहरुको विश्लेषण गरी बुकलेट तयार गरिएको छ ।

१.५ आर्थिक अवसरहरुः

नेपालको बर्तमान अवस्थामा स्थानिय निकाय, गैरसरकारी संघ संस्थाहरु बढ्दो मात्रामा विकासको लागि सक्रिय रहेका छन् जसले गर्दा रोजगारीको श्रृजना, व्यापार र उद्यम विकासका कार्यक्रमहरु संचालन हुने र स्थानिय स्तरमा परिवर्तन ल्याएको हामी सबैले महसुस गरेका छौं । यसै परिपेक्षमा विभिन्न आर्थिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने आधारहरु प्रसस्त रहेका छन् । यस्तै आर्थिक विकासका अवसरले गर्दा लगानी र वजारीकरणले विद्यमान व्यवसायलाई सहयोग हुने कानूनी बाधा अड्चनको निकासले आर्थिक क्षेत्रमा रहेका बाधा अड्चनहरुको निराकरणमा निकै टेवा पुऱ्याएको छ ।

त्यसैले यस वर्तमान अवस्थामा आर्थिक विकासका आधारहरुको खोजी अध्ययन गरिएको छ । यस बुकलेटको चित्रण आर्थिक अवसरको समानता, वातारण श्रोतको व्यवस्थापन, रणनीतिक लगानीका नितिहरु स्पष्ट र नियमहरु प्रभावकारी संचालन, मानव विकासको साथै समावेशी, दिगो विकास जस्ता विषयहरुलाई आधार बनाई यो बुकलेट तयार पारिएको छ । नेपालमा करिव ८० प्रतिशत जनताहरु ग्रामिण भेगमा बस्दछन्

उनिहरुको निर्वाह कृषिमा निर्भर रहेको छ । नेपालीहरुसंग प्रति व्यक्ति करिव ०.८ रोपनी भन्दा कम खनजोत गर्ने जग्गा छ । त्यसको पनि कृषकले आफ्नै एकहल गोरुको भरमा जोतविखन गर्दछ । नेपालमा नेपाल सरकारले आर्थिक अवसरको मुख्य रुपमा निजी क्षेत्रलाई लिएको छ । साना तथा मझौला उद्योगहरुले आर्थिक विकासमा निकै टेवा दिइरहेका छन । नेपालका निजी क्षेत्रसंग सम्बन्धीत उत्पादनमूलक उद्योगहरुले करिव ११७००० व्यक्तिहरुलाई रोजगार दिइरहेका छन । त्यसैले नेपाल सरकारले निजी क्षेत्रलाई विकाशको सम्बाहकको रुपमा हेरीरहेको छ ।

## २) प्यूठान जिल्लाको आर्थिक विकासका आधारहरुमा कृषि, पर्यटन, जलविद्युत तथा उर्जा र अन्य :

प्यूठान जिल्ला कृषि, पर्यटन, जल बिद्युत तथा उर्जा को क्षेत्रमा भौगोलिक, हावापानी तथा वातावरणिय दृष्टिकोणले निकै राम्रो मानिन्छ । त्यसैले गर्दा प्यूठानबासीहरुले आफ्नो जिल्लाको समग्र विकासको लागि पहल गरिरहेका छन् जसका प्रसस्तै प्रमाणहरु छन् जसमा प्यूठान जिल्ला वाणिज्य संघको तर्फबाट २०७० जेष्ठ १४ गते तत्कालिन श्री माननिय अर्थमन्त्री ज्युलाई पछिल्लो माग पत्र बुझाएका थिए । उक्त माग पत्र अनुसार कृषि समाग्रीमा लाग्ने कर सम्बन्धीको कुराहरु, जिल्लामा औद्योगिक विकास गर्ने सम्बन्धीका कुराहरु, स्वर्गद्वारीको गुरु योजना सम्बन्धीका कुराहरु, जलविद्युका कुराहरु, पर्यटकिय क्षेत्र Nine Point(ऐरावतीका,झिमरुक जलविद्युत आयोजना, स्वर्गद्वारी, भित्रिकोट, झांक्रिस्थान, मल्लरानी, ओखरकोट, गौमुखी र नौबाहिनी) का कुराहरु का साथै प्यूठानका विभिन्न सडकहरु काविकासे सन्दर्भ उठाइएको छ । त्यसैले प्यूठानका आर्थिक विकासका आधारहरु पनि यिनै हुन जस्ले गर्दा प्यूठानको मुहारमा परिवर्तको काँचुली फेरको देख्न सकिने छ ।

२.१ प्यूठान जिल्लाको कृषिका सबल पक्ष, अवसर र चुनौतीको विश्लेषण :

कृषिका सबल पक्षहरु :

- सिचाइका सम्भावनाहरु भएको
- बेमौसमि तरकारी खेतीको सम्भावना भएको
- प्रचुर मात्रामा रहेको खेतीयोग्य जमिन
- भु-बनोटको आधारमा विविध कृषि गर्न सकिने
- कृषिको वजार पहुँच राम्रो भएको
- भौतिक पूर्वाधारको पहूँच भएको

कृषिका चुनौतीहरु :

- व्यवस्थित सिंचाईको अवस्था नरहेको
- कृषि श्रमिकहरुको विदेश पलायन

- मल तथा विउको पहुँचमा कमि
- अस्थिर वजार
- उत्पादित बस्तुहरुको सुरक्षाको

कृषिका अवसरहरु :

- कृषिको व्यवसायिक खेतीको सम्भावना रहेको
- कृषिका लागि विउ तथा मल सहजै उपलब्ध हुन सक्ने
- कृषिका लागि लगानीको सम्भावना रहेको
- कृषि वजारको लागि विदेश सम्म निकासी गर्न सकिने
- कृषकहरु परम्परागत खेतीबाट व्यवसाययिक

२.२ प्यूठान जिल्लाका मुख्य संभावित कृषि व्यवसायहरु :

जिल्ला विकास तथा कृषि विकासको अल्पकालिन/दिर्घकालिक सोंचको दृष्टिले जिल्लाको विकासको प्रमुख आधार नै कृषि भएकोले कृषिका गतिविधिहरुमा उन्नत विउ विजन, प्रदर्शन, मिनिकिट, फलफूल विरुवा वितरण, औजार उपकरण, सिंचाइ, तालिम, गोष्ठि, भ्रमण, वाली संरक्षण आदि जस्ता क्रियाकलाप सरकारी एवं गैह्रसरकारी संस्था, समुदायको संलग्नता अझ सक्रिय बनाइ कृषि क्षेत्रको समग्र विकासको लागि बिशिष्ट क्षेत्रहरुको पहिचान, प्रयाप्त लगानी, भौतिक पूर्वाधार निर्माणमा थप प्रयास हुन आवश्यक देखिन्छ ।

**कृषि क्षेत्रको अहिले समग्र स्थिति तथा भविश्यमा प्रभावकारी वनाउनु पर्ने क्षेत्रहरु :**

**खाद्यान्न वीउ उत्पादन :**धान मकै र गहुँ

वर्तमान अवस्थामा १०६७० मे.टन खाद्य न्यून रहेको हुदा खाद्यान्न वालीको वीउ उत्पादन गरी जिल्लालाई आवश्यकता पर्ने उन्नत वीउको प्रयोगद्वारा खाद्य न्यूनता घटाउने साथै मकै वालीको विउ नियमित योग्य रुपमा उत्पादन गर्ने ।

**तरकारी वीउ उत्पादन :**रायो, मुला (प्यूठाने रातो, ४० दिने) सिमी

जिल्लाको "एक घर एक उत्पादन" भनाई अनुसार चिनारीको रुपमा रहेको प्यूठाने रातो मूला जिल्लाबाट लोप हुने अवस्थामा रहेकोले यसको जगेर्ना गर्ने र ४० दिने मूला, रायो र सिमीको वीउ उत्पादन गर्ने भौगोलिक रुपमा विशिष्ट क्षेत्र एवं लक्षित समूह रहेको अवस्थामा वीउ उत्पादन निर्यात गरी आय आर्जनमा टेवा पुऱ्याउने ।

**नगदेवालीउत्पादन :**अदुवा, बेसार, तरकारी, मह

प्यूठान जिल्लाका निर्यात योग्य एवं उत्पादन गर्न सकिने बस्तुहरु नै अदुवा, बेसार, तरकारी, मह आदि हुन यिनीहरुको उत्पादनमा बृद्धिमा गरी कृषकहरुको आय आर्जनमा पनि बृद्धि गर्न सकिन्छ ।

**फलफूल उत्पादन :**सुन्तला, जुनार, कागती र केरा

जिल्लाको आय स्तर वृद्धि गर्नका लागि सुन्तला, जुनार, कागती र केरा को उत्पादनमा वृद्धि ल्याउन सकिन्छ ।

**प्यूठान जिल्लामा कृषि योग्य संभावित क्षेत्रको पकेटको रुपमा रहेका निम्न ठाँउहरु छन् ।**

**खाद्यवालीको लागि :** विजुवार, दाखाक्वाडी, खैरा, मच्छी, धुवाङ्ग, बरौला, मरन्ठाना, धर्मावती, तोरवाङ्ग, लुँग, नयाँगाँउ ।

**तरकारी उत्पादन हुने क्षेत्र :** विजुवार, दाखाक्वाडी, माझकोट, मरन्ठाना, धर्मावती, तोरवाङ्ग, वरौला नयाँगाँउ, जुम्रिकांडा ।

**तरकारी वीउ उत्पादन हुने क्षेत्र :** स्याउलीबाङ्ग, मच्छी, धर्मावती, रजवरा, वेलवास, फोप्ली, लुङ्ग र बरौला

**अदुवा र वेसार उत्पादन हुने क्षेत्र :** ढुंगेगढी, हंसपुर, तिराम, मर्काबाङ्ग, बरौला, पकला, दाङवाङ्ग

**मौरी पालन गर्ने क्षेत्र :** ढुंगेगढी, हंसपुर, तिराम, मर्काबाङ्ग, लुँग, विजयनगर, धर्मावती, मरन्ठाना, कोचिवाङ्ग

**बदाम उत्पादन गर्ने क्षेत्र :** गोठिबाङ्ग

**सुन्तलाजातका फलफूल उत्पादन गर्ने क्षेत्र :** स्वर्गद्वारीखाल, तुषारा, मरन्ठाना, बांगेमरोठ, खलंगा

## ३) प्यूठान जिल्लाको आर्थिक विकासको आधार पर्यटन :

३.१ प्यूठान जिल्लाको पर्यटन स्थिति :

प्यूठान जिल्ला पर्यटन विकासको प्रचुर सम्भावना भएको जिल्लाको रुपमा चिनिन्छ । स्वर्गद्वारी जस्तो नेपालकै प्रमुख प्रसिद्ध धार्मिक स्थलको रुपमा चिनिएको क्षेत्र, विभिन्न खोलानाला, पहाड, झरना, मेला, देविदेवता, गुफा, संस्कृति आदि चिजहरुले भरिपुर्ण भएकोले यि सबै चिजहरु यहाँका आकर्षणहरु हुन ।

३.२ प्यूठान जिल्लाको पर्यटनका सबल पक्ष, अवसर र चुनौतीहरुको विश्लेषण :

३.३ पर्यटनका सबल पक्षहरु :

- पर्यटनको लागि सबै भन्दा पुरानो धरोहर र धार्मिक दृष्टिले हेरीने स्वर्गद्वारी रहेको जिल्ला ।
- पर्यटन विकासका लागि पौराणिक देखी आधुनिक विकासका आकर्षणका क्षेत्रहरु भेटिन्छन् ।
- भू-बनोटको आधारमा यो जिल्ला जैविक विविधताको अध्ययनको केन्द्रमा रहन सक्छ ।
- एकै स्थानबाट उत्तरतिरका हिमाली श्रृखलाहरुको दृश्य अवलोकन गर्न सकिने र दक्षिण तर्फ नेपाल कै मुख्य द्वारको रुपमा रहेको राष्ट्रिय राजमार्ग रहेको छ ।

- सडक यातायातको सहज पहूँच रहेको ।
- विभिन्न संस्कृति झलक दिने लाटा नाच, अर्खा, तिहारमा नाचिने प्रसिद्ध सरा नाँच, मारुने नाच आदि रहेका छन् ।

३.४ पर्यटनका चुनौतीहरु :

- धेरै जसो कच्ची सडक भएको कारणले पर्यटकहरुको संख्यामा उल्लेखनिय बृद्धि हुने सम्भावना कम रहेको ।
- प्यूठान जिल्लामा उपयुक्त पर्यटकिय दृष्टिले बस्न योग्य होटलहरु प्रयाप्त नभएको ।
- पर्यटनहरुका लागि गन्तव्य स्थानमा बस्ने व्यवस्थाको अभाव ।
- ट्रेकिङका ट्रेलहरुमा सुरक्षित बनाउन रेलिङ्ग, सिडि बनाउनु पर्ने ।
- पर्यटन सूचना केन्द्रहरुको अभाव ।
- पर्यटन सम्बन्धी चेतनाको कमी/नैतिकता/सभ्यताको कमी ।
- पर्यटन स्थानहरुमा सरसफाईको कमी ।
- संचार तथा इन्टरनेटको जिल्लामा कमि ।
- जहाँ पर्यटनहरु धेरै मात्रामा आउदछन् त्यहा पनि आवश्यक न्यूनतम सुविधा र पूर्वाधारहरुको कमि ।
- पर्यटन विकासको लागि सरकारी हेलचेकराई भएको ।
- स्थानिय परम्परा र संस्कृतिलाई पर्यटनसंग जोड्ने प्रयत्नको अभाव ।

३.५ पर्यटनका अवसरहरु :

- अर्घाखाँची, गुल्मी, दाङ र रोल्पाको पर्यटन प्याकेजहरु संचालन गर्न सकिन्छ ।
- स्वर्गद्वारी धार्मिकस्थलको राम्रो प्रचार प्रसार गरी पर्यटनहरुको आकर्षणलाई भव्य बनाउन सकिन्छ ।
- होटल, जल, तथा रिसोर्ट जस्ता लगानीहरुको लागि अवसर छ ।
- कृषि क्षेत्रहरुमा उत्पादनका पकेट क्षेत्रहरुको निर्माण ।
- संस्कृतिको जर्गेना र त्यसबाट प्रसस्त आय आर्जन ।
- यातायातमा लगानीका अवसरहरु ।
- अत्यधिक मात्रामा कृषिजन्य प्रोसोसिङ्ग उद्योगहरुको संचालन गर्न सकिने ।
- कृषि तथा वीउजन्य व्यवसायलाई व्यवस्थित गर्ने र नेपालकै आय आर्जनमा महत्वपूण टेवा दिने ।
- परम्परागत सीप, कला, संस्कृतिको जर्गेना र यसलाई जिवनोपयोगि वनाउने ।
- प्राकृतिक श्रोत र जैविक विविधताको संरक्षणको अवसरहरु ।

- पर्यटन सम्बन्धी मानब संसाधनको विकासका अवसरहरु ।

३.६ पर्यटनको आर्थिक पक्ष :

प्राय देशहरुको पर्यटनबाट हुने आम्दानीले देशकै कूल ग्राहस्थ उत्पादनमा मुख्य भूमिका खेलेको हुन्छ । संसारभर मै पर्यटन क्षेत्र विदेशी मुद्रा आर्जन गर्ने मुख्य उद्योगको रुपमा स्थापित हुदै आएको छ । UN/WTOका अनुसार वर्तमान अवस्थाको संसार भरीकै आम्दानी एककृत गर्दा १३ ट्रिलियन डलर आम्दानी भएको छ । २१२ मिलियन जनताले रोजगार पाएकाछन् ।

विश्वको जनसंख्यामा ९ जना मध्ये १ जनाले पर्यटन क्षेत्रमा रोजगार प्राप्त गरेको छ । नेपालमा पर्यटन आगमन सन १९५३ देखि मानिएता पनि व्रिटिशहरुको आगमन धेरै पहिलै भएको थियो । सन १९५० को विश्वभरमा पर्यटनहरु २५ मिलियनबाट बढेर सन २०१० मा ९४० मिलियन पुगेको छ । २०१० मा ९१९ विलियन डलर आम्दानी विश्वभमा पर्यटकबाट भएको थियो । २०३० सम्ममा १.८ विलियन पर्यटकहरु विश्वभरी हुने UN/WTOले अनुमान गरेको छ जसमा प्यासिफिक र एसियाबाट १७ मिलियन पर्यटन थपिने छन् भने १६ मिलियन युरोप र १० मिलियन अमेरिका, क्यानडा, अफ्रिका, मध्यपूर्वबाट थपिने अनुमान छ । ४ अप्रिल २०१३ मा आइपुग्दा चीनबाट बाहिर जाने पर्यटकले गर्ने खर्च १०२ विलियन अमेरिकी डलर भएको छ । जुन हाम्रो छिमेकी देश हो  २०१२ मा आइपुग्दा अन्तराष्ट्रिय पर्यटकको वृद्धि १.०३५ विलियन भयो । यही अनुपातमा बढ्ने हो भने पर्यटकको संख्या २०३० सम्म १.८ भन्दा बढि हुने संकेत देखिन्छ ।

सन २०१३ मा रात विताउने पर्यटकहरुको बृद्धि २०११ को तुलनामा ४ प्रतिशतले बृद्धि भएको थियो भने एसियनहरुको वृद्धि ७ प्रतिशत भएको छ । सन २०११ मा ९९६ मिलियन थिए भने सन् २०१२ मा १०३५ विलियन अथवा १.०३छ विलियनले वृद्धि भयो । ३९ मिलियन पर्यटक एक वर्षमा थपिए UN/WTO ले २०१३ मा ३ प्रतिशत देखि ४ प्रतिशत सम्म पर्यटक वृद्धिको अनुमान गरिएको  छ ।

३.७पर्यटकिय श्रोत तथा संभाव्यताको वर्तमान अवस्था :

**प्यूठान जिल्लाका मुख्य ऐतिहासिक पर्यटकिय एवं धार्मिक स्थलहरु :**

- पवित्र धार्मिक स्थल स्वर्गद्वारी/प्रभुको बाल्यकाल/स्वर्गको द्वार गुप्ती सागर/हवन कुण्ड/गोबरधन पर्वत/गौशाला/पाँच कुण्ड/बाझको बोट/प्रभुको रथ यात्रा/शिद्धबाबाको मन्दिर/वेद पाठशाला
- ऐरावती/गौमुखी मन्दिर/गौमुखी गुफा/भित्रीकोट
- झाँक्रिस्थान
- स्नाकोट देविस्थान
- नौबहिनी

- कालिका मन्दीर विजुवार
- लुङको देवाली
- खलंगाको शिवालय मन्दिर/गणेशस्थान

**संरक्षण तथा दिगो विकासका कार्यक्रमहरु :**

विभिन्न स्तरबाट ऐतिहासिक विषय बस्तु र विभिन्न संस्कार तथा संस्कृतिका सम्पदाहरुलाई राम्रो संग संरक्षण र सम्बर्द्धन गर्न सकेमा जिल्लाको र देशको समेत पर्यटन विकासमा टेवा पुग्ने निश्चित छ। त्यसको निम्न कुराहरुमा जोड दिन अनिवार्य छ।

- ❖ ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरुको सिमांकन तथा तारबार गर्ने
- ❖ जिर्णोद्धार तथा सरसफाई गर्ने
- ❖ प्रचाप्रसारमा जोड दिने
- ❖ ऐतिहासिक तथा पुरातात्विक क्षेत्रमा अध्ययन अनुसन्धानका केन्द्रहरु स्थापना गर्ने
- ❖ ऐतिहासिक तथा पुरातात्विक क्षेत्रहरुमा विदेशी पर्यटकहरुबाट प्रवेश शुल्क लिने व्यवस्था गर्ने।

तथा अन्य विकासका कार्यक्रमहरु ल्याउदा निम्न कुराहरुमा ध्यान दिनु पर्ने देखिन्छ।

- सम्भाव्यताकाश्रोतहरु
- ऐतिहासिक स्थलहरु
- धार्मिक सम्पदाहरु
- संस्कृतिक सम्पदाहरु
- ट्रेकिङ रुटहरु
- शहासिक पर्यटनहरु

## ४) प्यूठान जिल्लाको आर्थिक विकासको आधार जलविद्युत तथा बैकल्पिक उर्जा :

प्यूठान जिल्लाको अधिकांश ग्रामिण बस्ती छरिएर रहेकोले सबै क्षेत्रहरुमा राष्ट्रिय विद्युत प्रसारण लाइनको पहूँच पुऱ्याउन स्रोत र साधनको उपलब्धता एवं लगानीको दृष्टिकोणले कठिन देखिएको छ। त्यसकारण राष्ट्रिय विद्युत प्रशारण लाइन तत्कालै पुऱ्याउन नसकिने क्षेत्रहरुमा लघु जलविद्युत, सौर्य उर्जा, बायु उर्जा जस्ता बैकल्पिक उर्जाको माध्यमबाट सेवा पुऱ्याउने उद्देश्यले कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ।

४.१ प्यूठान जिल्लाको जल विद्युत तथा बैकल्पिक उर्जाका सबल पक्षहरु :

- जिल्लामा रहेका सम्भावित नदिनालाहरु

- पहिले नै एउटा उदाहरणको रुपमा नेपाल विद्युत प्राधिकरणले पावर कम्पनी लगाउनु
- जि.वि.स./गा.वि.स.हरुमा आयोजनाहरुको सुरुवात हुनु
- बैकल्पिक उर्जा र हावा शक्तिका कार्यालयहरुका कामहरु अगाडि बढ्ने लक्षण देखिनु
- जि.वि.स. को आवधिक योजनाहरुमा कार्यक्रम आउनु
- यहाँका जनताहरुबाट जल विद्युत तथा बैकल्पिक उर्जाको आवश्यकताको महशुस गर्नु
- विभिन्न कार्यालयहरु तथा मन्त्रालयबाट योजना तर्जुमा गर्नु

४.२ जल विद्युत तथा बैकल्पिक उर्जाका चुनौतीहरु :

- सम्पुर्ण गा.वि.स. मा विद्युत विस्तार गर्नु
- माग अनुसार विद्युतीकरण गर्न नसक्नु
- सुख्खा मौसममा झिमरुक खोलामा पानि कम भै उत्पादनमा कमी हुनु
- बैकल्पिक उर्जाबारे जनतामा पूर्णरुपमा ज्ञान नहुनु
- ग्रामिण विद्युतिकरण कार्य अत्यन्तै महङ्गो हुनु
- सुधारिएको चुलो निर्माणमा जनचेतनाको कमि

४.३ जल विद्युत तथा बैकल्पिक उर्जाका अवसरहरु :

- बायो ग्यांस, सौर्य उर्जा र हावाबाट विद्युत निकाल्ने सम्भावना रहेको
- रजवारामा दुईवटा जलविद्युत निर्माण गर्ने सम्भावना रहेको
- ग्रामिण जल विद्युत र सौर्य उर्जा तथा बैकल्पिक उर्जा सम्बन्धी जनचेतना जगाउनु पर्ने
- दक्ष प्राविधिकहरुलाई जिल्लामा राखी अवसर दिनु पर्ने
- गोबर ग्यांस निर्माणमा जोड दिनु पर्ने
- वनजंगलको संरक्षण गरि व्यवस्थित बाटोघाटोको व्यवस्था गराउनु पर्ने
- सरकारी लगानी/निजी लगानीहरुलाई प्रोत्साहन गर्नु पर्ने

४.४ सम्भाव्यताकाश्रोतहरु :

जि.वि.स.को अध्यावधिक योजना अनुसार लघु जलविद्युत, हावाशक्तिका योजनाहरु वातावरण मैत्री, जलवायु अनुकूलित तथा लागत प्रभावी बनाउने । ग्रामिण उर्जा र हावाशक्तिको दिगो र समुचित विकास गर्ने । बैकल्पिक उर्जाको अनुसन्धान एवं प्राविधिक हस्तान्तरणमा जोड दिने । प्यूठान जिल्लाको नदी नियन्त्रण र हाल विद्युतीकरण भइरहरेका २३ गा.वि.स. मा बाँकी रहेका क्षेत्रहरुको विद्युतीकरण कार्यलाई निरन्तर अगाडि बढाउन आन्तरीक तथा बाह्य श्रोत जुटाउने रहेको छ । जिल्लामा विश्व बैंक

र अन्य दातृ निकायबाट भरहेको माइक्रोहाइड्रो निर्माण, गोबरग्यांस, सौर्य उर्जा, हावा उर्जा र सुधारिएको चुलोको प्रयासलाई कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

## ५) प्यूठान जिल्लाको आर्थिक विकासका आधार उद्योगहरु

५.१ पृष्टभुमि :

प्यूठान जिल्लामा पहिले देखि नै पानी मिल जस्ता उद्योगहरुको स्थापना भैराखेका छन् । मुख्य गरी साना तथा घरेलु उद्योगहरु स्थापना भएको देखिन्छ । वर्तमान समयमा ठूला उद्योगहरु मध्येका ह्याचरी उद्योग, क्यारेट बनाउने उद्योग (बाङगेशालमा) संचालनमा आइरहेका छन् । जिल्लाले बहन गर्न नसक्ने उद्योगहरुलाई भन्दा बातावरण मैत्रि र कृषि प्रशोधनका उद्योग तर्फ आकर्षण गर्नु आवश्यकता रहेको छ ।

५.२ उद्योगका सबल पक्ष, अवसर र चुनौतीको विश्लेषण :

उद्योगका सबल पक्षहरु:

- औद्योगिक जिल्लाको रुपमा माग भैरहेको
- उद्योगको लागि भौतिक पूर्वाधारहरु भएको
- संभावित उद्योगको लागि कच्चा पदार्थहरु प्रसस्त मात्रामा रहेको
- लगानीको लागि वित्तिय संस्थाहरु रहेको

उद्योगका चुनौतीहरु :

- दक्ष श्रमिकहरुको अभाव
- उर्जाको असहजता
- कमजोर सुरक्षा व्यवस्था
- औद्योगिक संस्कार भै नसकेको

उद्योगका अवसरहरु :

- वजारीकरणको सहजता भएको
- अन्य उद्योगहरु स्थापना हुने क्रममा रहेकाले दक्ष जनशक्ति पाइने
- उद्योगका लगानीका अवसरहरु रहेको

५.३ विभिन्न राजश्व तथा कर सम्बन्धीको समस्या :

राजश्य कार्यालयका अनुसार तोकिएको समयमा कर आउन नसकेमा लगाइने विभिन्न करलाई हेर्ने हो भने र त्यसलाई व्यवसायिहरुले कार्यान्वयमा ल्याउने प्रयास मात्रै गर्दछन भने पनि त्यो समस्या कै रुपमा रहन्छ भने यदि कर सम्बन्धी शिक्षा नभैकन र सरकारी निती नियममा अलि सहजता नहुने भने यहाँका व्यवसायहरु सरकारी रुपमा वञ्चीत हुने सम्भावना रहन्छ । किनकी एउटा साधारण व्यवसायिले सूचनाको आधारको पहूच पनि नभैकन कसरी मू.अ. कर र विवरण हरु पेश गर्ने र कसरी करसरकारलाई बुझाउने भन्ने बारे ज्ञान नहुनु नै प्रमुख समस्याको रुपमा रहेको छ । सानाव्यवसायहरु तथा उद्योगीहरुको लागिलेखा व्यवस्थापनमा व्यवस्थित गर्न नसकिने VAT सिष्टम अर्कैले श्रृजना गरेको न्यून विजकिकरणको समस्या जस्ता कारणहरुले व्यवसायिहरुले व्यवसाय गर्दा बढि जोखिम उठाउनु परेको छ । जसले गर्दा साना-साना उद्योग व्यवसायहरुमा कारोबार रकम फरक परी MISMATCH भएमा फरक परेको कारोबार समेतको कर नबुझाई नहुने खालको समस्या धेरैले खेप्नु परेको छ । यस्तै गरी विभिन्न समयमा विभिन्न क्षेत्रबाट मागिने चन्दा, घरबहाल समस्या, व्यवसायीहरु विच पनि अश्वस्थ पतिस्पर्धा आदि कारणले व्यवसायहरु अझ संकटमा पर्ने जोखिम छ ।

हरेक समस्याको समाधानको लागि व्यवसायिकएकता हुनु पर्ने आजको आश्यकता देखिन्छ । त्यसको लागि प्यूठान उद्योग वाणिज्य संघको महत्वपुर्ण भुमिका रहन्छ । उद्योग बाणिज्य संघको महत्वलाई व्यवसायिहरुमाझ उजागर गर्नु पर्ने देखिन्छ र यस बारेमा नव व्यवसायिहरुले सकारात्मक रुपमा सोच्न जरुरी देखिन्छ ।

५.४ प्यूठान जिल्लाका संभावित उद्योगहरु :

प्यूठान जिल्लाको लागि सम्भाव्य उद्योगहरु मध्येको सबै भन्दा राम्रा उद्योगहरुमा जडिबुटि उद्योग, वीउविजन प्रशोधन उद्योग, खाद्यवाली उद्योग, नगदेबाली उद्योग, कागज उद्योग, कोइलाखानी उद्योग (जो अहिले सामन्य रुपमा तिराम/मर्काबाङमा संचालित भैरहेका छन्) । यि उद्योगहरु प्यूठान जिल्लाका सम्भाव्य उद्योगहरु हुन ।

## ६) व्यवसायिकरण गर्ने क्षेत्रहरु :

६.१ पृष्टभुमि :

यस बुकलेटले व्यवसायिकरणको प्रयासले कृषि, पर्यटन, जलविद्युत तथा उर्जा, उद्योग क्षेत्रलाई नाफामूलक अवसरहरु तर्फ मार्गनिर्देशन गर्दछ । कृषि तर्फ यसका विउविजन प्रशोधन, नगदेबाली, बेमौसमी तरकारी, दलहन, खाद्यान्न, दुध व्यवसाय, पशुपालन, मासु प्रशोधनको साथै कृषि जन्य बस्तुमा आधारित उद्योगहरुको व्यवसायिकरणमा विशेष ध्यान पुऱ्याएको छ ।

वर्तमान समयमा प्यूठान जिल्लामा खासै वयवसायिक तवरको नमूना कार्यक्रम देखिएको छैन त्यसैले अति सम्भावना रहेका आर्थिक विकासका आधारहरुलाई आधुनिक व्यवसायिकरण गर्न तर्फ ध्यान

केन्द्रित गरिएको छ । जस्मा उद्यमी, सहकारी सेवा तथा बस्तु प्रदायक भण्डारण कर्ता, सितगृह, सुविधा उपलब्ध गराउने व्यवसायिक केन्द्रहरु, प्रशोधन केन्द्रहरु, आयात तथा निर्यात कर्ताहरु, वितरक, वित्त सेवा र बस्तु प्रदायक र विमा प्रदायकहरुको निकै महत्वपूर्ण भुमिका रहेको छ । व्यवसायहरुलाई व्यवसायिकरण गर्नको लागि निम्न लिखित आधारहरु रहन्छन् ।

- बैकिङ्ग सेवाहरु
- विमा
- लगानीको वातावरण
- कबुलियतनामा
- मूल्य बृद्धि श्रृखला
- यातायात
- वजार सेवा

६.२ पूर्वाधारहरु :

अहिलेको समयमा प्यूठान जिल्लाका सबै सेक्टरबाट व्यवसायिकरण गर्नलाई सहयोग नभएको होइन तैपनि खासै सेवा ग्राहीलाई आवश्यक तथा वस्तुहरु उपलब्ध गराउन सकेको देखिदैन । कबुलियत खेतीलाई प्रवर्द्धन गर्न यसको नियम कानून सुरक्षित कारोबार व्यवस्था, जमिन भाडामा लिन, व्यवसायिकरण तथा कृषि विमा र प्रर्दशणको साथै चेतना अभिवृद्धिका कार्यक्रम तथा कृयाकलापहरुको आवश्यक पर्दछ । प्रभावकारी तवरबाट कृषि उद्योग, पर्यटन उद्योग र जलविद्युत तथा उर्जा उद्योगको बारे सही सूचना तथा तत्थ्याङ्क उपलब्ध पनि हुनु आवश्यक छ । आवश्यता अनुसार छोटो र लामो अवधीको ऋण, व्यवसायिक सल्लाह सुझाव हुन आवश्यक छ । वित्त संस्थाहरुले आपूर्ती र माग जस्ता कुराहरुलाई ध्यानमा राखी लगानी प्रवर्द्धन गर्नु पर्दछ । कृषि नितिलाई बराबर भाग व्यवस्थापन गर्नु पर्दछ । मूल्य वृद्धि श्रृखलाको विकासको लागि गरिवी निवारण सम्भावना, समावेशी वृद्धि कार्यगत सम्भावना अन्य Cross Cuttingहरुको जस्तै लैंगिक समाजिक समावेशि, वातावरणको दिगोपन, प्राविधिक उपलब्धता जस्ता विषय बस्तुमा केन्द्रित रही कृषि, पर्यटन, जलविद्युत, उर्जा उद्योगहरुको व्यवसायिकरण गर्न सकिने प्रबल सम्भावना छ ।

६.३ बजार पूर्वाधार :

विभिन्न क्षेत्रमा प्रतिष्पर्धाको विकास गर्न बजार पूर्वाधारहरुको विकास गरिनु पर्दछ । जस्तै :

- कृषिमा कृषकसंग आफैमा भण्डारणको व्यवस्था हुनुपर्दछ ।
- नयाँ प्रशोधनहरु यदि चालु रहेका छन् भने तिनीहरुको सुधार गर्नु पर्ने ।
- संकलन केन्द्रहरुसंग संजाल बढाउने र थोक विक्रेतासंग सम्पर्क बढाउने ।

- विशेष क्षेत्रको योजना तथा नयाँ कृषि उद्योगको सघन क्षेत्र (Pocket Area) र पर्यटन सेवाहरुको निश्चितता र स्तरीय सेवाको उपलब्धता ।
- अन्वेषण (Innovation, Incentive, Grant) जस्ता कार्यक्रमहरुको विस्तार गर्नु पर्ने हुन्छ ।
- व्यापार व्यवसायको प्रवर्द्धन गर्न खाद्य प्राविधिक तथा सरसफाईको स्तरमा ध्यान दिनु पर्दछ । जस्ले गर्दा बस्तु तथा सेवाको गुणस्तरको प्रत्याभूति होस् ।
- जिल्ला स्तरमा नै एउटा उद्यमी अध्ययन तथा अनुसन्धान कोषको व्यवस्था गरिनु पर्दछ । जस्ले गर्दा हरेक तप्काका उद्यमी, श्रोत व्यक्ति तथा संघ संस्थाहरुले नयाँ नयाँ विषय बस्तुको खोजी तथा प्रवर्द्धन गर्नमा उत्साहित गर्दछ । यस्तो कार्यक्रममा जिल्ला विकास, कृषि, वन, पशु सेवाको साथै दातृ निकायहरुबाट Maching Fund को व्यवस्थागर्न सकिन्छ ।

६.४ भौतिक पूर्वाधारहरु :

प्यूठान जिल्लाका विभिन्न सडकहरुलाई छुट्टा छुट्टै किसिम विभाजित गरि विकास गर्नु पर्ने देखिन्छ । एकप्रकारले संजालको रुपमा नै खडा गरी विकाशे कार्यालयहरुको पहललाई टङ्कारो रुपमा लैजानु पर्ने हुन्छ जस्ले गर्दा व्यापार व्यवसायहरुको लागि सहजता प्रदान गरोस । यहाँका सडकहरुलाई निम्नानुसारले विभाजित गरी विकास गर्न जरुरी देखिन्छ ।

- सडक संजाल
    - आन्तरीक सडक संजाल
    - जिल्ला सडक संजाल
    - अन्तर राष्ट्रिय सडक संजाल

**७) निश्कर्ष :**

प्यूठानजिल्लाका "उच्चमूल्यका वाली तथा पर्यटन प्रवर्द्धन, प्यूठानी जनताको जीवनमा गुणात्मक परिवर्तन", "पर्यटन तथा उच्चमूल्यका वालीको विकासबाट प्यूठानी जनताको जिवनस्तरमा सुधार ल्याइनेछ" र "एक गाँउ एक उत्पादन" भन्ने नाराहरुको उद्देश्य तथा लक्ष्यलाई साकार वनाउनको लागि सबै तह र तप्काका सर्वसाधारण देखी उच्चतह सम्मका जनमानसमा प्रस्फुटित हुन सकेमा र यहाँका विकाससंग सम्बन्धित कार्यालयहरुका लक्ष्य, निती र कार्यक्रमहरुलाई सार्थक वनाई कार्यान्वयनमा ल्याउन सकेमा जिल्लाको वृहत विकास हुनेमा कुनै संका छैन । अतः सबैखाले समस्याहरुलाई जनताहरुमाझ ल्याई समाधानका बाटाहरुलाई पत्ता लगाउने र यसका चुनौती र अवसरहरु तथा सम्भाव्ताहरुलाई पस्कने काम यस बुकलेटबाट भएकोछ तथापी अध्ययन, अनुसन्धान तथा खोजका क्रममा कमि कमजोरी नभएको होइन होला भन्न सकिदैन ।